# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कंचनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आय सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
### (प्रथम पटक प्रकाशित मिति २०७६।०४।०९)

स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ बमोजिम यस शुक्लाफाटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ. व. २०७६/०७७ म ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदा देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही रित पुर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्नहुन यो दरभाउपत्र आह्वान गरिएको छ।

**ठेक्काको विवरण:**

| सि. न. | दरभाउपत्र नम्वर | कामको विवरण | २०७६/०७७को न्यूनतम कबोल अंक भ्याट बाहेक |
|---|---|---|---|
| १ | ०१।२०७६।०७७ | सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग र कलुवापुर बेलौरी सडक खण्ड बाहेक शुक्लाफाँटा न. पा. बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) | १०,००,०००।०० |
| २ | ०२।२०७६।०७७ | कबाड समानमा कर उठाउने ठेक्का | ५,००,०००।०० |
| ३ | ०३।२०७६।०७७ | विज्ञापन करको ठेक्का | ५०,०००।०० |

**ठेक्काका शर्तहरु**

१. दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र प्रति दरभाउपत्र रु १,०००।— (एक हजार) फिर्ता नहुने गरी तिरी नागरिकताको प्रमाण पत्र, आ. व. २०७५/२०७६ को कर चुक्ता प्रमाण पत्र, नविकरण गरिएको ईजाजत प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मु. अ. कर दर्ता प्रमाण पत्र, कर चुक्ता वा कर विवरण पेश गरी म्याद थप गरेको कागजातको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि निवेदन साथ संलग्न राखी यस कार्यालयको खरिद ईकाईबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र दस्तुर नगदै यस कार्यालयको राजश्व शाखामा वा यस कार्यालयको श्री एभरेष्ट बैंक लि, झलारी स्थित संचित कोष खाता हि. नं. ०५९१०१०५२००००० मा जम्मा भएको भौचर बुझाई बोलपत्र खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा कागजात दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ।

३. खरिद गरेको दरभाउपत्र, यो सूचना प्रथम पटक प्रकाशित भएको मितिको १५ औ दिन दिनको कार्यालय समय भित्र खरिद गरी, १६ औ दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ र दर्ता भएका सिलबन्दि दरभाउपत्रहरु यस कार्यालयमा सोही दिनको अपराह्न २ बजे कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाताका प्रतिनिधिहरुको रहोबरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि सिलबन्दि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. न्युनतम ठेक्का अङ्क भन्दा घटी कबोल गरेको, म्याद भन्दा ढीलो गरी प्राप्त हुन आएको, रीत नपुगेको, कुनै शर्त राखि पेश भएको, सूचनाको शर्त विपरित भएको दरभाउपत्रमाथी कुनै कारवाही हुने छैन।

५. दरभाउपत्र दर्ता गर्दा धरौटी बाफत कबोल गरेको अङ्कको ५ प्रतिशतका दरले हुने धरौटी रकम श्री एभरेष्ट बैंक लि, झलारी शाखा, कंचनपुरमा रहेको धरौटी खाता न. ०५९१०१०५२००००३ मा जम्मा गरेको सक्कलै भौचर दरभाउ पत्रसाथ राखी यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

६. आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धि नियमावली २०७६ को नियम ४ को उपनियम ४.२ बमोजिम ठेक्का कबोल गरेको अङ्क एकमुष्ठ बुझाएमा औचित्यता हेरी बढीमा कबोल अङ्कको १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

७. दरभाउपत्र दर्ता गराई सकेपछि संसोधन गर्न पाईने छैन । एउटै फर्मबाट एकभन्दा बढी दरभाउपत्र दर्ता भएको देखिएमा सो फर्मबाट सबै दरभाउपत्र नखोलीकनै अस्विकृत गरिनेछ ।

८. दरभाउपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछन्।

.............................................
(विशनसिंह थापा)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत